# दुल्लू नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दुल्लू, दैलेख
कर्णाली प्रदेश, नेपाल

फोन : ०८९-४११०६५
फ्याक्स नं. : ०८९-४११०४१


प.सं.०७८/०७९
च.नं. २०१९

मिति : २०७९/०२/३०

श्री वडा कार्यालयहरु सबै,
दुल्लू नगरपालिका दैलेख ।

विषयः मार्ग दर्शन र योजना तर्जुमा कार्यतालिका पठाइएको ।

प्रस्तुत सम्बन्धमा तहाँ वडामा आगामी आ.व. २०७९/०८० का लागि संचालन हुने वडागत योजना/कार्यक्रम छनौट गरी मिति २०७९/३/३ गते भित्र यस कार्यालयमा विषयगत क्षेत्र अनुसार E-Copy सहित पेश गर्नहुन अनुरोध गरिन्छ ।

..............................
तुलसीप्रसाद उपाध्याय
योजना अधिकृत (छैटौं)
का.मु. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
श्री नगर प्रमुखज्यू दुल्लू नगरपालिका, दैलेख
श्री नगर उपप्रमुखज्यू दुल्लू नगरपालिका, दैलेख

वडा कार्यालयहरुले योजना प्राथामिकिकरण र तर्जुमा गर्दा ध्यान दिनुपर्ने कुराहरुः

१. आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने,
२. उत्पादनमुलक र छिटो प्रतिफल दिने,
३. राजश्व परिचालनमा योगदान पुर्‍याउने,
४. सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान पुर्‍याउने,
५. स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने ,
६. लैगिंक समानता तथा सामाजिक समावेशीकरण अभिवृद्धि गर्ने,
७. दिगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा सहयोग पुर्‍याउने,
८. समुदायलाई विपद् तथा जलवायू परिवर्तन संग समायोजन हुने किसिमका योजना छनौट गर्ने ,
९. स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने खालका आयोजनाहरु,
१०. वडा कार्यालयले आयोजना छनौट गर्दा माथिका अतिरिक्त देहायका कुरामा विशेष ध्यान दिने,

क) प्राथमिकताक्रम तोकी आयोजना तथा कार्यक्रम तर्जुमा गर्ने ,
ख) आयोजना छनौट गर्दा सकभर एकै आ.व.मा सम्पन्न हुने गरी प्रयाप्त वजेटको व्यवस्था गर्ने, तर ठुला आयोजनाको हकमा बढीमा ३ वर्ष भित्र सम्पन्न हुने गरी स्रोतको सुनिश्चितता गर्ने ,
ग) योजना छनौट र वजेट विनियोजन गर्दा सम्वन्धित वडाका प्राविधिकवाट पूर्व सम्भाव्यता अध्ययन गराएर मात्र गर्ने ,
घ) वडालाई प्राप्त रकमवाट अवलोकन भ्रमण, जात्रा मेला, चन्दा दिने जस्ता अनुत्पादक क्षेत्र र अन्य प्रशासनिक एवं संचालन खर्चमा रकम विनियोजन गर्न नपाईने,अनाबश्यक रुपमा दीर्घकालीन दायित्व सृजना हुने गरी विना मापदण्ड कर्मचारी नियुक्त गर्ने गरी रकम विनियोजन नगर्ने,
ङ) वडामा प्राप्त बजेटवाट विभिन्न निकायसंग कम लागत साझेदारी गरी सम्पन्न हुने आयोजनाको हकमा लागत साझेदारी रकम समेत विनियोजन गर्ने ।
च) वडाबाट सम्पन्न गर्न नसकिने तर नेपाल सरकार र प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा अन्य निकायसँग माग गर्नुपर्ने खालका आयोजनाहरु समेत छनौट गरी अनुमानित लागत समेत उल्लेख गरी पठाउने ।
छ) वडाबाट सञ्चालन हुने गरी छनौट भएका आयोजना तथा कार्यक्रमहरु विशेष परिस्थिति बाहेक पछि संशोधन गर्न नपर्ने गरी वडा समितिको निर्णय प्रतिलिपि सहित निर्धारित ढाँचामा पठाउने ।

बोधार्थ
श्री सूचना प्रविधि अधिकृत ज्यू, वेभसाइटमा अपलोड गर्नहुन ।

## आगामी आ.व. २०७९/०८० को निति, कार्यक्रम तथा वजेट तर्जुमा तालिका

| सि.न. | क्रियाकलाप | समयावधि | मुख्य जिम्मेवारी |
|---|---|---|---|
| १ | श्रोत अनुमान तथा वजेट सीमा निर्धारण गर्ने | २०७९ जेठ २४ सम्म | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| २ | नगर कार्यपालिकाको कार्यालयबाट विषयगत शाखा र वडा समितिलाई बजेट सिलिंग तथा मार्गदर्शन पठाउने | २०७९ जेठ २५ सम्म | प्रमुख प्रशासकीय अधिकृत/शाखा प्रमुख |
| ३ | टोल/बस्ती भेलाबाट योजना छनौट गर्ने | २०७९ जेठ ३१ सम्म | वडा समिति |
| ४ | वडा भेलाबाट योजना तथा कार्यक्रम प्राथमिकीकरण गरी नगर कार्यपालिकामा पठाउने | २०७९ असार १ गते | वडा अध्यक्ष/वडा समिति |
| ५ | विषयगत समितिहरुको बैठक संचालन गर्ने | २०७९ असार ४ गते सम्म | विषयगत समितिका संयोजकहरु |
| ६ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक संचालन गर्ने | २०७९ असार ५ गते सम्म | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| ७ | एघारौं नगर सभा संचालनका लागि पत्राचार गर्ने | २०७९ असार २ गते सम्म | नगर प्रमुख/प्रमुख प्रशासकीय अधिकृत |
| ८ | नगर कार्यपालिकाको बैठकबाट २०७९/०८० को नीति कार्यक्रम तथा बजेट र आर्थिक विधेयक स्वीकृत गर्ने | २०७९ असार ८ गते सम्म | नगर कार्यपालिका/राजश्व परामर्श समिति |
| ९ | नगर सभामा २०७९/०८० को नीति कार्यक्रम तथा वजेट पेश तथा छलफल गर्ने | २०७९ असार १० गते | नगर उप प्रमुख |
| १० | प्रस्तुत नीति कार्यक्रम तथा बजेट माथि छलफल तथा थपघट गर्न आवश्यक भए सुझाव सहित कार्यपालिकामा पठाउने | २०७९ असार १५गते सम्म | नगर उप प्रमुख/कार्यपालिका |
| ११ | नगर सभाबाट प्राप्त सुझाब उप नगर कार्यपालिकामा छलफल तथा आबश्यक निर्णय गरि २०७९/०८० को नीति कार्यक्रम तथा बजेट नगर सभामा पठाउने | २०७९ असार २० गते सम्म | नगर उप प्रमुख/कार्यपालिका |
| १२ | उप प्रमुखद्धारा नगर सभामा प्रस्तुत आ.व. २०७९/०८० को नीति कार्यक्रम तथा वजेट स्वीकृतीका लागि निर्णयार्थ सभामा प्रस्तुत गर्ने/नगर सभाबाट स्वीकृत गर्ने | २०७९ असार २५ गते सम्म | नगर प्रमुख/नगर उप प्रमुख |

दुल्लु नगरपालिका नगर कार्यपालिकाको कार्यालय दुल्लु, दैलेख कर्णाली प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत